# विनोस्की विद्यार्थीहरूले जातिय भेदभाव विरोधको लागि विनोस्की स्कूल डिस्ट्रिक बोर्डलाई मांग गर्दै

विनोस्की विद्यार्थीहरूले जातिभेदभाव विरोधका लागि बुधवार, जुलाई १५ तारिख, २०२० मा विनोस्की स्कूल बोर्डमा आफ्ना मागहरू प्रस्तुत गरेका छन् । बोर्डले उनीहरूको मागलाई स्वीकार गर्न मतदान गर्यो र यो कसरी गर्ने भन्ने योजना बुधवार, जुलाई २२, २०२० मा उनीहरूको बैठकमा साझा गर्ने छ।

यहाँ विद्यार्थीहरूको ८ मागहरू यस्ता छन्:

1.तुरुन्तै विनोस्की स्कूल जिल्लामा जातीय पक्षपात, पूर्वाग्रह र अन्यायको घटनासँग सम्बन्धित विद्यार्थी र परिवारका साथ सुनुवाई अभियानको आयोजनामा काम गर्न जातीय सत्य आयोग गठन गर्ने। आयोगले यसका निष्कर्षहरू जनता सामु जारी गर्नु पर्ने र भविष्यमा विनूस्कि स्क्कुलमा यस्तै घटनाहरू नहोस् भनेर बोर्डले उचित कार्यवाही गर्नु पर्ने ।

**2.** २०२०-२०२२ शैक्षिक वर्षको सुरूमा, एक स्थायी जातिभेदभाव विरोधी समिति शुरू गर्ने जसमा जातीय पूर्वाग्रह, पक्षपात र भेदभावको सामना गर्ने विद्यार्थीहरूले प्रत्यक्ष रूपमा यी घटनाहरूको रिपोर्ट गर्न सक्नु पर्ने।

**3.** स्कुल रीसोरस आफिसरको बदलामा PreK -१२ कक्षाका विद्यार्थीको साथ काम गर्न स्कूलमा दुई ट्रामा विशेषज्ञहरू हुनु पर्ने।

**4.** २०२० गर्मीको अन्त्यमा, विनूस्कि स्कूलमा अन्य रंगका अधिक शिक्षकहरू राख्ने योजना सार्वजनिक गर्नु पर्ने । यह सुनिश्चित गर्नुको लागि एक स्पष्ट लिखित प्रतिबद्धता हुनु पर्ने कि पुरै विनूस्कि स्कूलमा शिक्षण स्टाफ मध्धे कम से कम 15% 2022-2023 वर्ष सम्ममा अन्य रंगका शिक्षक हुनु पर्ने ।

**5.** तत्काल कक्षा K -१२ शिक्षकहरूले विद्यमान पाठ्यक्रममा जातीय अध्ययन पाठ्यक्रम र जातिय भेदभाव शिक्षाको अंशहरू सम्मिलित गर्न आवश्यक पर्नेछ।।यसले २०२२-२०२३ मा शैक्षिक वर्षको सुरुसम्म पूर्ण अनुदान मार्फत जातीय अध्ययन कार्यक्रम पनि सुरु गर्नु पर्ने।

**6.** अगस्त २०२० को अन्त्यसम्ममा एक समीक्षा समिति गठन गर्ने पर्ने जुन विद्यमान पाठ्यक्रम, शिक्षण अभ्यास, र नीतिगत संरचनाहरूको पुर्नविचार र मूल्यांकन गर्ने जिम्मेवारी सम्हाल्दछ, कि उनीहरू समकालीन जातीय अध्ययन र जातिवाद विरोधी मापदण्ड, अपेक्षाहरू, र शिक्षण अभ्यासहरूको अनुरूप हुनेछ।

**7.**आमाबुवा र विद्यार्थीहरूलाई उनीहरूको बच्चाहरूको लागि वकालत गर्ने र स्कूलमा उनीहरूको आफ्नै शैक्षिक अधिकारहरू कसरी बुझ्ने र बुझाउनेका लागि विद्यार्थीहरूको नागरिक अधिकारमा एक पेशागत व्यक्ति राख्नु पर्ने । यी कार्यशालाहरूमा "ई एल एल " विद्यार्थीहरूको साथसाथै अशक्त भएका, नागरिक अधिकार र भेदभाव विरोधी कानून, र पारिवारिक संलग्नता जस्ता क्षेत्रहरूमा स्कूलको जिम्मेवारी र कम आय भएका विद्यार्थीहरूलाई पर्याप्त सहयोग गर्ने संघीय र स्थानीय नियमहरूमा केन्द्रित हुनु पर्दछ। ।

**8.** २०२०-२०२१ शैक्षिक वर्षको सुरूमा, "ई एल एल" विद्यार्थीहरूको लागि एक सल्लाहकार कार्यक्रम शुरू गर्ने जुन मार्फत सबै विद्यार्थीहरू उनीहरूको अंग्रेजी भाषा कौशल सुधार गर्ने र समुदायमा एक वकालत साझेदार गर्ने लक्ष्यका साथ समुदाय सल्लाहकारहरूसँग मिलेर काम गर्ने पर्ने।